# १ सारा जगत र यस पृथ्वीका सृष्टिकर्ता येशू ख्रीष्ट

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति १:१, हिब्रू ११:३, भजन १९:१-३, यूहन्ना १:१-३, कलस्सी १:१५,१६, यूहन्ना २:७-११।

*कण्ठ गर्नुपर्ने पद:* **"आदि अर्थात् सारा जगतको प्रारम्भिक समयमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पत्ति १:१ रूपान्तरित)।**

**यस जगतभन्दा महान् व्यक्तित्वले मात्र यस जगतलाई सृष्टि गर्न सकेको हुनुपर्दछ।** र त्यो महान् व्यक्ति को हो त भन्दा बाइबलले खुलासा गरिएको परमेश्वर नै हुनुहुन्छ। त्यहि परमेश्वरको हामी आराधाना र सेवा गर्दछौं किनभने उहाँ हाम्रो सृष्टिकर्ता तथा सृजनहार हुनुहुन्छ।

त्यहि परमेश्वरले सारा जगत सृष्टि गर्नुभयो भनेर हामी सिक्नुपर्दछ। करौंडौं नक्षत्र वा ग्यालेक्सीहरू (तारा मण्डल)लाई यस अथाह कसमोस वा जगतमा सुव्यवस्थित ढँगले झुण्ड्याइ दिनुभयो। अनि त्यहि परमेश्वर मानिसको रूप लिएर हामी मानवजातसँग रहन उहाँ आउनुभयो। अचम्मको कुरो त के भने हामीहरूको पापको निम्ति हामीले पाउनुपर्ने सजायँ भोग्न उहाँ राजी हुनुभयो।

कतिपटक हामी भन्छौं "यो त कस्तो अचम्म, पत्यारै गर्न नसकिने कुरो भयो।" सृष्टिकर्ता परमेश्वरको प्रेमको आत्मज्ञानमा तल्लिन हुनसक्नु जस्तो हाम्रो जीवनको महान् लक्ष्य अरू कुनै होला र? उहाँको प्रेम यति महान् र सर्वोकृष्ट छ की उहाँ ख्रीष्टको रूप लिएर यस संसारमा आउनुभयो र कहिले पनि नटुटिने सम्बन्ध उहाँले हामीसँग गाँस्नुभयो।

त्यस्तो महान् सत्य आत्मज्ञानको प्रतिउत्तरमा हाम्रो जीवनलाई कसरी सम्हालेर बस्ने?

## १. आदिमा (उत्पत्ति १:१)

"आदिमा परमेश्वरले आकाश वा स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।" भन्ने उत्पत्ति १:१ भनाइमा अत्यन्त धेरै गहिरो सत्यहरू लुकिएका छन्। यस जगतको सुरू भएको रहेछ भनेर त्यस पदले सिकाउँदछ। आजको परिप्रेक्ष्यमा त्यो धारणा नौलो नहुन सक्छ। तर कतिपय धर्मदर्शन र वैज्ञानिकहरूले यस जगत र पृथ्वीको अस्तित्व हुन अनगिन्तियौं वा खरबौं वर्ष लाग्यो भनेर अनुमान गरेको पाउँछौं। यस जगत र पृथ्वी विकासवादको सिद्धान्त अनुसार विकसित भएकव भनेर तिनीहरूले दाबी गर्दछन्। सन् उन्नाइसौं शताव्धीको दशकमा बिग बाङ्ग (Big Bang) वा अचानक महान् विस्फोट भन्ने सिद्धान्तको सुरुवात गरेको थियो। यथार्थमा भन्ने हो भने त्यस बेलादेखि नै यस जगतको सुरूवातको बारेमा मानिसहरूले विश्वास गर्न थालेका थिए। सारा जगत गौलो छ भनेर त्यस बेलाका अघिका मानिसहरूले विश्वास गर्दथे। यस जगत सृष्टि गरिएको हो भनेर कतिपयले विश्वास गर्न चाहेका थिएन, किनभने यदि त्यो विश्वास गरियो भने सृष्टिकर्ता वा परमेश्वरको अस्तित्वलाई स्वीकार्नु पर्दथ्यो। (अचानक महान् विस्फोटको अर्थ नै यस जगत परमेश्वरले सृष्टि गर्नुभएको होइन भनेर प्रमाणित गर्न खोज्नु हो)। जुन रूपमा भएतापनि यस जगतको सुरूवात त भएकै हो भनेर प्रायजसो सबै वैज्ञानिकहरूले मान्नुको अर्थ कमसेकम केहि हदमा वैज्ञानिकहरूले आफ्नो धारणामा परिवर्तन गरिएको रहेछ भनेर मान्नु पर्दछ। हुनसक्छ तिनीहरूको धारणा भोली के होला हामी भन्न सक्दैनौं।

**परमेश्वर र यस जगतको सृष्टिको बारेमा हिब्रू ११:३ले के भन्छ?**

उत्पत्ति १:१ र हिब्रू ११:३मा धेरै रहस्यहरू लुकेका छन्। हामीहरूको वर्तमान ज्ञान वा बुध्दिले कतिपय कुराहरूको व्याख्या गर्न सक्दैनौं। तर कुनै पूर्व पदार्थ वा तत्वलाई मिलाएर यस जगत सृष्टि भएको होइन भनेर ती पदहरूले पुष्टि गर्दछन्। परमेश्वरको वचनको

शक्तिले यस जगतको सृष्टि भएको थियो। पदार्थ वा तत्व र शक्ति वा उर्जालाई परमेश्वरकै शक्तिद्वारा सृष्टि गरिएका थिए।

कुनै तत्वको अस्तित्व विनानै सृष्टि गरिएको सिद्धान्तलाई एक्स निहिलो (ex nihilo) भन्दछ। मानिसहरूले धेरै थोकहरूको आविश्कार गर्न सक्दछन्। सृजनशील मानिसहरूले धेरै थोकहरूलाई सृजना गर्न सक्दछन्। तर शुन्य वा अस्तित्वहीन तत्वबाट मानिसहरूले कहिलै पनि केहि सृष्टि गर्न सक्दैन। भएकै तत्वहरूको अनुरूपलाई हामी बदल्न सक्छौं होला। तर नभएको तत्वलाई हामीले सृष्टि गर्न सक्दैनौं। अर्थात् एक्स निहिलोलाई सृष्टि गर्ने शक्ति हामीसँग छैन। केवल महान् शक्तिशाली परमेश्वरले मात्र नभएको थोकबाट नयाँ थोक बनाउन सक्नुहुन्छ। परमेश्वर र मानिसको बीचको महान् भिन्नता अरू शक्ति वा अधिकारहरूको साथै त्यो अधिकार पनि एक हो। हामी सृष्टिकर्ता परमेश्वरमा कत्तिको भर पर्दछौं भनेर त्यस सिद्धान्तले हामीलाई सम्झाउँछ।

उत्पत्ति १:१मा प्रयोग गरिएको “सृष्टि गर्नुभयो" भन्ने क्रियापद हिब्रू भाषाको जराबाट आएको हो। त्यसको अर्थ केवल परमेश्वरले मात्र हामीलाई सृष्टि गर्नुभयो भन्ने अर्थ लगाउँछ। त्यसतो खालको सृष्टि केवल परमेश्वरले मात्र गर्न सक्नुहुन्छ, मानिसले गर्न सक्दैन। (यहि सन्दर्भमा रोमी ४:१७ हेर्नुहोस्)।

**सृष्टिको सम्भाव्यता केवल सृष्टिकर्ता परमेश्वरको मात्र किन हो? त्यसबारे गहिरिएर सोच्नुहोस्।**

## २. सारा जगतले घोषणा गर्दछ (भजन १९:१-३)

**महिमामय परमेश्वरले सृजनु भएका सारा जगत र पृथ्वीको गौरवको बारेमा भजन १९:१-३ र रोमी १:१९मा उल्लेख गरिएका सत्य पदहरूलाई के तपाईंले आत्मसात् गर्न सक्नुभएको छ? सृष्टिकर्ता परमेश्वरको ज्ञान, बुद्धि र शक्तिलाई पुष्टि गर्न आधुनिक विज्ञानले कतिसम्म सहायता गरिरहेकाछन्?**

विश्वमा कुनै यस्तो तत्व छैन जसले जीवात्मालाई त्यसै थाम्न सक्दछ। यो जगत सुनियोजित ढँगले सृष्टि भएको हुनै पर्छ। जगत जीवनको निम्ति सृष्टि गरिएको हो। सबै पदार्थहरूको निर्माण गर्न चाहिने मूल सामग्रीमा आटम वा अणु अर्थात् परणामु हो। अणु अणु मिलेर भौतिक तत्व वन्दछ। कुनै पदार्थ वा तत्वको सृजना गर्न ती तत्वहरू आफै पनि बलियो हुनुपर्दछ। ती अणु अर्थात् परमाणु कतिको बलियो छ भन्दा कुन शक्तिले तिनीहरूलाई सम्हालेको छ सोमा भर पर्दछ। (अणु वा परमाणु, सृष्टि गरिएकोमा त्यो शुक्ष्म तत्व हो जसको आफ्नै अस्तितत्व छ। तिनीहरूलाई मिलाएर अर्को अणु वा मलिक्युल (दुई वा वढि अणु मिलेर बन्ने तत्व) बन्दछ। त्यसलाई नाङ्गो आँखाले देख्न सक्दैन)। आटम वा अणुका ती तत्वहरू छन् जसले एक आपसमा आकर्षित गर्दछन् र साथै एक आपसमा प्रतिकार पनि गर्दछन्। आकर्षित र प्रतिकार गर्ने अणुका तत्वहरू अत्यन्त सन्तुलित हुनुपर्दछ। तिनीहरूमा भएका शक्तिहरू बढो होशियारीसाथ सम्हाल्नु पर्दछ। यदि आकर्षित गर्ने शक्तिमात्र बलियो छ भने केवल ठूला ठूला अणुहरूमात्र सृजनु सक्दछ। यदि त्यसोमात्र भए त्यहाँ हाइड्रोजन वा एक प्रकारको अपरिहार्य वायु वा तत्व हुँदैन। हाइड्रोजन विना पानी हुँदैन, र पानी विनाजीवन पनि हुँदैन। यदि ती अणुहरूमा प्रतिकार गर्ने तत्वमात्र शक्तिशाली छ भने ती भन्दा अर्को शुक्ष्म आटम वा अणुहरूमात्र निर्माण हुन्छ। ती अणुहरूबाट केवल हाइड्रोजनमात्र निस्कन्छ। यदि हाइड्रोजनमात्र भयो भने कार्वन वा रासायनिक परमाणु तत्व हुँदैन। साथै जीवनलाई नभै नहुने अक्सिजन वा प्राणवायु पनि हुँदैन। फेरि अक्सिजन वा प्राणवायु विना पानी र जीवन पनि हुँदैन।

त्यसकारण अणु अर्थाट आटमहरू अति शक्तिशाली त हुनुपर्दछ। तर विभिन्न रासायनियक मिश्रण वा केमिकल कम्पाउण्ड बन्न ती अणुहरू एक आपसमा मिलोमत्व गरेर काम गर्नुपर्दछ। त्यसकारण मलिक्युल अर्थात् दुई वा दुई भन्दा वढि अणु मिलेर बन्ने तत्वहरू मिलाउन र जीवन धान्न चाहिने तत्वको निम्ति ती मलिक्युल टुक्राउन

कुनै अदृष्य शक्तिको आवश्यक पर्दछ जसले तिनीहरूलाई संतुलनमा राख्दछ। ती अणु र मलिक्युलबाट अनावश्यक रासायनिक तत्व ननिस्कुन् भनेर तिनीहरूलाई सम्हाल्नु पर्दछ नत्र भने जीवनको अस्तितत्व नाश हुन्छ।

स्पष्टतया भन्ने हो भने, यस संसार अत्यन्त सुनियोजित ढँगले निर्माण भएको हुनुपर्दछ ताकि सुचारू रूपले जीवन संचालित होस्।

यस जगतका यावत थोकहरूलाई परमेश्वरले कसरी एकत्रित गर्नुभयो भनेर देखाउने धेरै उदाहरणमा अणु केवल एउटामात्र उदाहरण हो। त्यसले गर्दा यस जगत  धेरै बुद्धिमान परमेश्वरले सुनियोजित तरिका अपनाएर रचेका हुन् भनेर धेरै वैज्ञानिकहरूले स्वीकार गर्न पुगेका छन्।

अर्को उदाहरणमा हामी तापक्रमलाई हेरौं। कुनै पनि प्राणी जीउन उसको निम्ति चाहिने ठिक्कको तापक्रम हुनुपर्दछ। त्यसको निम्ति सूर्यको दुरी, उचित गतीले घुम्ने पृथ्वी र वायुमण्डलमा सिद्ध सन्तुलन हुनुपर्दछ। त्यो पनि परमेश्वरले पुऱ्याउनुभएको छ। यस पृथ्वीमा भएका यावत थोकहरूलाई हेऱ्यौं भने कुनै पनि अचानक रचिएको होइन भनेर देखाउँदछ। वद्दो साबधानीपूर्वक हरेक वस्तु रचिएको छ। परमेश्वरले सृष्टि गर्नुभएको सारा सृष्टिमा उहाँको अथाह ज्ञान र बुद्धिको रेखा कोरेको छ।

## ३. परमेश्वरको वचनको शक्ति (यर्मिया ५१:१५,१६)

**यर्मिया ५१:१५,१६ र भजन ३३:६,९ पढ्नुहोस्। सर्वज्ञानी परमेश्वर कतिको बुद्धिमानी हुनुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ। तर उपरोक्त पदहरू अनुसार उहाँको सृष्टिमा कुन् महान् कार्य सम्पन्न गर्नुभएको छ? सृष्टिमा त्यो कामलाई कसरी देखाएको छ? अझ महत्त्वपूर्ण कुरालाई आत्मसात् गर्नुपर्ने त त्यहाँ देखाइएको सत्य हाम्रो निम्ति किन अर्थपूर्ण छ?**

परमेश्वरले यस संसारलाई कसरी सृष्टि गर्नु भयो भन्ने ठ्याक्क ज्ञान हामीमा छैन। तर उहाँको शक्तिशाली वचनबाट सारा सृष्टि रचिएका हुन् भनेर हामीलाई भनिएको छ। यस पृथ्वी र जगतलाई चाहिने सबै ऊर्जाशक्ति तत्वहरू परमेश्वरकै बोलीबाट सृष्टि भएका हुन्। (यूहन्ना १:१-३मा दृष्य अदृष्य यावत् थोक येशूबाट नै सृष्टि भएका हुन् भनेर खुलासा गरेको छ)। हाम्रो जीवनलाई संचालन गर्ने सबै उर्जाहरू परमेश्वरकै शक्तिले रचिएका हुन्। जगतमा भएका गुरुत्वाकर्षण अर्थात् भौतिक तत्वहरू एक आपसमा आकर्षित गरेर सम्हालेर बस्ने गुण, जगतको भित्री गहिऱ्याइमा रहेका प्रत्येक तारा र तारामण्डल, ब्लाक होल अर्थात् भव्य अन्धकार तारा जसमा जुन् छिरे पनि गायब हुने जस्ता मानिसको समझशक्तिले नभ्याउने थोकहरू परमेश्वरकै शक्तिले रचिएका हुन्।

अझ सबभन्दा अत्याधिक मात्रामा चाहिने ऊर्जा त आटम वा अणु अर्थात् परमाणुमा छ भने पनि हुन्छ। मानिसहरूले आविश्कार गरेका विनाशकारी न्युकलिएर अर्थात् आणविक हतियारको बारेमा चर्चा गर्दा हामी छक्क पर्दछौं। आणविक भट्टिको प्रयोगशालाबाट सानो पदार्थ संख्यालाई चलाएर अति ठूलो संख्यामा ऊर्जा पैदा गर्दछन्। सबै भौतिक तत्व अर्थात् पदार्थहरूमा ठूलो संख्यामा ऊर्जा थुप्रिएको हुन्छ भनेर वैज्ञानिकहरूले दाबी गर्दछन्। जाबो सानो संख्याको पदार्थ वा भौतिक तत्वबाट आणविक हतियार उत्पादन गरेर अति धेरै ऊर्जा निकाल्न सक्छ भने सारा संसारमा भएका भौतिक तत्वहरूमा कति ऊर्जा हुन्छ होला, सो अनुमानै गर्न नसकिने कुरो हो। तर सारा जगतमा भएका पदार्थहरूमा थुप्रिएका ऊर्जाको अगाडी यस पृथ्वीको ऊर्जा के हो र? यस जगतमा प्राणीको उत्पादन गर्ने परमेश्वर अझ कत्ति सर्वशक्तिमान हुनुहुन्छ होला, कल्पना गर्न खोज्नुहोस् त!

आफ्नो सृष्टिमा जे गरेपनि परमेश्वर प्रकृतिको नियममा रहनुपर्छ भनेर कतिपय वैज्ञानिकहरूले विश्वास गर्दछन्। तर परमेश्वर कुनै पनि प्रकृतिको नियममा बस्न बाध्य हुनुहुन्न भनेर बाइबलले बताउँदछ। सधैं

प्रकृतिको विधिमा परमेश्वरको शक्ति नचलेको हामी देख्दछौं। परमेश्वर प्रकृतिको नियममा सिमित रहनुहुन्न। तर प्रकृतिमा कत्तिको नियम चाहिन्छ भन्ने कुरालाई परमेश्वरले नै निर्धारण गर्नुहुन्छ।

उदाहरणमा, प्रकृतिमा धेरै मौलिक नियमहरूमा पदार्थ र ऊर्जालाई जगेर्ना गर्नु पनि हो। यस नियमले भन्छ कि यस जगतमा भएका सबै पदार्थ र ऊर्जाको पूरा संख्या जत्ति छ त्यत्तिकै भएर बस्छ। तर यदि यस संसार कुनै थोकबाट सृष्टि भएको होइन भने त्यो नियमको पालन कसरी हुन्छ र? त्यसको अर्थ परमेश्वरको सृजना गर्ने वचन विज्ञानले निर्धारण गरेको प्रकृतिको नियमको सिमानामा बस्दैन। आफूले सृजनुभएका सारा सृष्टिका मालिक परमेश्वर नै हुनुहुन्छ र त्यस सृष्टिलाई उहाँ के गर्न चाहनुहुन्छ त्यसमा उहाँ स्वतन्त्र हुनुहुन्छ।

**हुन त सत्तरी प्रतिशत जगत हराइरहेकाछन् भनेर विज्ञानले दाबी गरेतापनि तपाईंले थाहा पाएको अनुसार यस जगतको आकारलाई कल्पना गर्नुहोस्। त्यस जगतलाई सृष्टि गर्न कस्तो महान् शक्तिको आवश्यक हुनेरहेछ, सो पनि सोच्नुहोस्। अनि त्यस्तो अथाह शक्ति भएको परमेश्वरले हामीलाई प्रेम गर्नुभयो रे र मर्नुपनि भयो रे? त्यस अचम्मको आत्मज्ञानले तपाईंलाई कत्तिको सान्त्वना दिन्दछ? र परमेश्वरले दिनुहुने त्यस सुखद सान्त्वनाबाट तपाईं के सिक्नसक्नुहुन्छ सो विचार गर्नुहोस्?**

## ४. सारा स्वर्ग र पृथ्वीका सृष्टिकर्ता येशू ख्रीष्ट (यूहन्ना १:१-३,१४)

**यूहन्ना १:१-३,१४, कलस्सी १:१५,१६ र हिब्रू १:१,२ पढ्नुहोस्। नयाँ करारका लेखकहरूले सृष्टिकर्ताको पहिचान कसरी गरेकाछन्? त्यस जिज्ञासको जवाफले तपाईंको बारेमा के भन्छ?**

येशू वचन (लोगोस Logos) हुनुहुन्छ भनेर यूहन्नाले सम्बोधन गर्दछन्। परमेश्वरको बराबरीमा उहाँलाई यूहन्नाले राख्दछन्। दृष्य अदृष्य यावत् थोकहरू, उहाँले नै सृष्टि गर्नुभएको हो। यूहन्नाको समयमा वचन वा लोगोस भन्ने शब्द सर्वसाधारणमा सृजना गर्ने काममा

प्रयोग गरिन्थे। त्यसकारण लोगोसको अर्थ सृष्टि गरिने काम वा सृष्टिकर्तालाई सम्बोधन गरेका हुन् भनेर यूहन्नाका पाठकहरूले बुझेका हुन्छ। लोकाचारमा चलेको शब्दलाई प्रयोग गरेर यूहन्नाले येशूको बारेमा ज्ञान दिन खोजेको पाइन्छ। येशू नै सच्चा सृष्टिकर्ता हुनुहुन्छ भनेर यूहन्नाले औंल्याउँछन्। येशू जो वचन वा लोगोस हुनुहुन्छ परमेश्वर-मनुष्य भएर जन्मनुभयो र हाम्रो बीचमा रहनुभयो। (अर्थात् लोकमा चलेको अनुसार उहाँ मानिस भएर कुनै शिद्ध काम गरेर वा त्याग तपस्या गरेर भगवान वा शिद्ध वा स्वामी हुनुभएको होइन, तर उहाँ परमेश्वर हुनुहुन्थ्यो र मानिसको निम्ति मनुष्यको रूप धारण गरेर हामीसँग रहन आउनुभयो)। आदिमा नै उहाँ सृष्टिकर्ता हुनुहुन्थ्यो। सारा जगतलाई सृष्टि गर्ने उहाँ नै हुनुहुन्छ। त्यसको अर्थ उत्पत्ति १:१लाई यसरी पढ्न सक्दछौं, “आदिमा येशूले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।"

येशू खीष्ट सृष्टिकर्ता हुनुहुन्छ भनेर यूहन्नाले औंल्याएको कुरालाई कलस्सी १ अध्यायद्वारा पावल सहमत भएको देखिन्छ। त्यसको अर्थ यावत थोकहरू उहाँले नै सृष्टि गर्नुभएको हो। तर येशूकोबारेमा दुईवटा महान् कुरोलाई पावलले थप्दछन्। उहाँ अदृष्य परमेश्वरको देखिने रूप वा व्यक्ति हुनुहुन्छ। हाम्रो पापको कारणले परमपिता सनातनका परमेश्वरलाई हामीहरूको नाङ्गो आँखाले हेर्न सक्दैनौं। तर येशूलाई हामी हेर्न सक्दछौं। परमेश्वरको स्वभाव र चरित्रलाई यदि हामी हेर्न चाहन्छौं भने व परमेश्वर कस्तो हुनुहुन्छ भनेर हामी स्पष्ट रूपमा जान्ना चाहन्छौं भने येशूको जीवनी हामीले अध्ययन गर्नुपर्दछ (यूहन्ना १४:९)। येशू सृष्टिका जेष्ठ हुनुहुन्छ भनेर पावलले दोस्रो तर्क उहाँको बारेमा व्यक्त गर्दछन् (कलस्सी १:१५)। त्यो जेष्ठता उहाँको पद हो, उहाँ पहिलो जन्मिएको व्यक्ति भनेर जनाउँदैन। कुनै पनि परिवारमा जेष्ठ हुनुको अर्थ त्यस परिवारको मूली हुनु हो र त्यस परिवारका सम्पत्ति उसको हातमा हुनु हो। त्यस अर्थमा येशू जेष्ठ अर्थात् सृष्टिको मूली व्यक्ति हुनुहुन्छ। किनभने उहाँ हाम्रो परमेश्वर हुनुहुन्छ र परमेश्वर-मनुष्य हुनुहुन्छ। त्यसकारण सारा मानव जातका

मूली उहाँ हुनु उहाँको अधिकारभित्रको कुरो हो। यस कुरामा स्पष्ट हुनुहुनुहोस्, येशू सृष्टि गरिनुभएको व्यक्ति होइन। तर अनन्त कालदेखि उहाँ परमपिता परमेश्वरसँग एक हुनुहुन्थ्यो।

कलस्सीमा उल्लेख गरिएको त्यहि बुँदालाई हिब्रू १:१,२मा पावलले फेरि उल्लेख गर्दछन्। येशू, नियुक्ति गरिएको यावत थोकका हकदार हुनुहुन्छ र सारा संसार उहाँले नै सृष्टि गर्नुभएको हो। अर्को थप्नु पर्ने कुरा त यो हो, परमपिता सनातनका परमेश्वरको स्वभाव हेर्नु छ भने उहाँमात्र सिद्ध, उत्कृष्ट, उत्तम तथा अच्युत नमूना हुनुहुन्छ। अर्थात् स्पष्ट भाषामा भन्ने हो भने येशू परमेश्वरको स्वरूप हुनुहुन्छ।

**“तपाईंको परमेश्वर कस्तो हुनुहुन्छ?" भनेर कसैले सोधे भने तपाईंले कस्तो जवाफ दिनुहुन्छ? चित्तबुझ्दो जवाफ दिन तपाईंले कुन् प्रमाणलाई मानिसको अगाडि राख्नुहुन्छ?**

## ५. हामीहरूको माझमा सृष्टिकर्ता परमेश्वर (यूहन्ना २:७-११)

**परमेश्वरको सृष्टिगर्न सर्वशक्तिलाई देहायका पदहरूले कसरी औंल्याउँछन्: यूहन्ना २:७-११, यूहन्ना ६:८-१३ र यूहन्ना ९:१-३४?**

उपरोक्त पदहरूमा येशूले गर्नुभएको विभिन्न चमत्कारिय वा आश्चर्य कामहरू उल्लेख गरेका छन्। ती कामहरूले आफूले सृष्टि गर्नुभएको भौतिक संसारमाथि परमेश्वरले कसरी अधिकार जमाउनुहुन्छ भनेर देखाउँदछन्।

प्रथमतः भोजमा दिइने पेय पदार्थलाई पानीबाट परिवर्तन गर्न येशूले कुन् उपाय प्रयोग गर्नुभयो? त्यो हाम्रो समझशक्ति भन्दा बाहिरको कुरो हो। अपार परमेश्वर येशू प्रकृतिको नियमभन्दा माथि हुनुहुन्छ।

हजारौं मानिसहरूलाई ख्वाउने क्रममा येशूले केवल दुई सानो माछा र ४ वटा रोटीहरू मात्र प्रयोग गर्नुभएको थियो। तिनीहरू सबैलाई ख्वाइसकेपछि नखाएका उब्रेका रोटी र माछा जम्मा गर्न येशूले अऱ्हाउनुभएको थियो। ती उब्रेका माछा र रोटीले बाऱ्ह डाला भरीएका थिए। ती सबै खानाहरू अणु र प्रमाणुहरूद्वारा बनाइएका थिए। अन्तमा

भिँडलाई खुवाउन सुरू गर्नुभन्दा धेरै गुणा बढि ती अणु र प्रमाणुहरूका सृष्टि भएका थिए। यदि परमेश्वरले आश्चर्यतरिकाले सृष्टि नगर्नुभएको भए ती थप अणु र परमाणुहरू कसरी  थपे त?

अनि अर्को बेला एक जना अन्धा मानिसलाई येशूले निको पार्नुभएको थियो। त्यसको जीवनमा कस्तो शारीरिक परिवर्तन आएको थियो त? ऊ जन्मैदेखि अन्धा थियो। उसको आँखाको नानीले कुनै पनि चित्र वा वस्तुहरू हेर्न उसको दिमागलाई संचालन गरिएको थिएन। आँखाले हेरेर बुझाउनको निम्ति उसको मगजलाई तालिम दिनुपर्थ्यो ताकि उसले हेरेर त्यो के हो भनेर बुझ्न सकुन्। उसका आँखाहरू नै असक्त वा खराबी थिए। हुनसक्छ उसका आँखामा भएका परमाणुहरू उनी जन्मेको बेलामा क्षतिग्रस्त भएका थिए। वा उसका आँखाहरूमा केहि भौतिक यन्त्रहरू खराबी हुन पुगे जसले गर्दा उसका आँखाहरूले ठिक रूपमा काम गर्न छोडे।

कुन कारणले त्यो मानिस अन्धा भयो सो कारण हामीलाई थाहा छैन। तर येशूका वचनहरू यत्तिका प्रभावशाली थिए कि उसका आँखामा भएका खराबी परमाणुहरू निष्कृय भएर त्यसको बदलामा नयाँ असल परमाणुहरूले ठाँउ ओगेट्न पुगे। कहिले नदेखेको वस्तुलाई उसले देख्न सके। अनि ती वस्तुहरूलाई मगजमा पठाएर ती के हुन्न भनेर उनले चिन्ह सके। (येशूको वचनले निष्क्रिए भएको देख्ने यन्त्रमा भएका नसाहरू स्वःत बनिए र त्यो अन्धा मानिसले शल्यक्रियाविनानै नयाँ आँखा पाए)।

**आश्चर्यका कामहरू अचम्म छन्। तर हामीहरूको आस्था केवल ती अचम्मका कामहरूमा मात्र भर पर्न थाले भने त्यसबाट कस्तो खतरा उत्पन्त हुनसक्छ? यथार्थमा हाम्रो आस्था वा विश्वास कसमाथि भरपर्नुपर्दछ?**

## उपसंहारः

**<u>थप जानकारीः</u>** सृष्टिका कार्यहरू कुनै पनि मानव विज्ञानले कहिलै पनि व्याख्या गर्न सक्दैन। जीवनको रहस्यलाई व्याख्या गर्न यस संसारमा त्यस्तो कुनै ज्ञानविज्ञान छ त?

" परमेश्वरले यस संसार सृष्टि गर्नुभएपछि पदार्थ अर्थात् भौतिक तत्व वा माटरको सृष्टि गरिएको थिएन भन्ने कतिपय वैज्ञानिकहरूको अनुमानित सिद्धान्त वा तर्कमा सत्यता छैन। यस पृथ्वी सृष्टि गरिन्दा अगाडि नै भएका भौतिक पदार्थमा परमेश्वर भरपर्नुभएको थिएन। सनातनका परमेश्वर यहोवाको आवाजलाई पालन गरि यावत थोकहरू स्वःत सृजिएका थिए। अनि ती सृष्टि गरिएका थोकहरू आफ्नै उद्देष्यको लागि उत्पादित भएका थिए। स्वर्ग र स्वर्गमा भएका सारा अनगिन्तियौं तारापुञ्ज वा ग्यालेक्सीहरू र पृथ्वी उहाँकै हातका कामहरू थिए। कुनै जीवित प्राणी छ भने उहाँको मुखले निकाल्नुभएको सासद्वारा खडा भएको थियो।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ८, पृ. २५८, २५९बाट रूपान्तरित।

"परमेश्वरले यस संसार कसरी बनाउनु भयो र त्यसमा के के कुराहरू छन् सो उहाँले मानिसहरूलाई कहिलै पनि देखाउनुभएको थिए। कुनै पनि मानविय विज्ञानले परमेश्वरको रहस्यलाई खोजअनुसुन्धान गरेर पत्ता लगाउन सक्दैन। परमेश्वरको अस्तित्व कसरी छ भन्ने ज्ञान जसरी हामीमा छैन त्यसरी नै उहाँको सर्वशक्तिलाई जान्ने बुद्धि पनि हामीमा छैन।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ११बाट रूपान्तरित।

## चिन्तनमननः

**अ.** यस अध्यायको सुरूमा राखेको जिज्ञासाको बारेमा फेरि चिन्तन गर्नुहोस्।

आ. यस पृथ्वीमा चाहिने जीवनको निम्ति प्रकृतिका शक्तिहरूको शिद्ध संतुलनको बारेमा विज्ञानले चर्चा

गरेको पाइन्छ। हामीलाई ठिक मात्रामा प्राणबायु वा अक्सिजन र हाइड्रोजन बायुको आवश्यक पर्दछ यदि हामी जीउन चाहन्छौं भने भनेर विज्ञानले थाहा दिन्दछ। यदि ती वायुहरू ठिक सन्तुलनमा रहेन भने हामी मर्दछौं। त्यसलाई "भाग्यवस अप्रत्यासित" रूपमा खडा भएको संतुलनता हो भनेर विज्ञानले सिकाउँदछ। यो परमेश्वरको सृष्टिको अधिकारमाथि सरासर हाँक दिएको तर्क हो। हामीलाई चाहिने उपयुक्त संतुलित वायु परमेश्वरले नै सृष्टि गर्नुभएको हो भनेर विश्वास गर्नु विज्ञानलाई भन्दा किन उचित वा असल देखिन्छ?

इ. आदम र हब्बालाई सृष्टिगर्दा परमेश्वरले देखाउनुभएको प्रेमको बारेमा समिक्षा गर्नुहोस्। उहाँले तिनीहरूलाई अदनको सुन्दर बँगैचामा राख्नु भएको थियो। त्यसैबेला नै दुःखकष्ट पाएर कलभरीको क्रुसमा मर्नुपर्नेछ भन्ने ज्ञान येशूलाई थाहा थियो। यद्यपि, नहिचिकिच्याइकन परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभयो। त्यस निर्णयबाट परमेश्वरको प्रेमलाई हामीले के सिक्नसक्छौं?

ई. बिग बाङ्ग अर्थात् अचानक बिस्फोटको तर्कसँग उत्पत्ति १:१लाई तुलना गर्नुहोस्। के त्यो अचानक बिस्फोट भन्ने शब्द नै परमेश्वरले यस जगत सृष्टि गर्दा उहाँको वचनबाट जगतको अस्तित्व हुन आएको होला र? त्यस विषयलाई चिन्तन गर्दा के विषयवस्तु वा समस्याहरू खडा हुनसक्दछन्? वैज्ञानिक तर्क र अध्यात्मिक तर्कलाई मिलाउन खोज्दा कस्ता कस्ता खतराहरू हाम्रो मगजमा भित्रिन सक्दछन्? फेरि विज्ञानका तर्कहरू परिवर्तनशील छ। त्यस सन्दर्भमा विचार गर्दा परमेश्वरका अटल वचनलाई हामीले किन पकडी राख्नुपर्दछ?